Total No. of Printed Pages—7

**HS/XII/A/n/14**

**2 0 1 4**

**NEPALI ( ELECTIVE )**

*Full Marks* : 100

*Time* : 3 hours

*The figures in the margin indicate full marks for the questions*

*General Instructions* :

(i) Write all the answers in the Answer Script.

(ii) Attempt Part—A Objective Questions serially.

(iii) Attempt all parts of a question together at one place.

( PART : A—OBJECTIVE )

( *Marks* : 50 )

SECTION—I

( *Marks* : 20 )

**1.** कोष्ठभित्रका सही शब्द छानेर खाली ठाउँ भर : 1×10=10

(क) एक दिन —— दुदेरो र त्यसको छेउमा —— नौनी टाँसेर धने भैंसी दुहुन निस्केथ्यो। (बिहान/अलिकति)

(ख) धने —— आँखा लिएर —— छेवैमा उभिएको थियो। (पाडीको/ टिलपिल)

(ग) उसको नीरस —— केही —— छोएजस्तो लागेको छ उसलाई। (नवीनताले/जीवनमा)

(घ) यसपाला त अलि-अलि —— खेतबारी पनि —— रहने भयो। (बाँझै/भएको)

(ङ) अर्को सिरुको एउटा —— काटिसक्ता उसलाई —— पनि निकै लागिसकेको थियो। (मूठा/थकाइ)

(च) तर कुन ठूलो —— खाउँला भनेर आफ्नै —— सौता हुलेकी हुन् यिनले? (भाग/हातले)

(छ) हामीलाई —— भनेजस्तो जहाँ कालो कहालीलाग्दो शून्य थियो। अब त्यहाँ —— मुखले उज्यालो र बल्दो प्रभाव आइरहेछ। (सन्तानको/निल्ला)

(ज) —— भए यही सिंगारपटार मात्रै —— पनि त दिन काटिन्छ नि। (गरिरहे/जाँगर)

(झ) यो स्वास्नीमान्छेको —— कर्म, घरमा —— धाक लाउनुपर्छ, माइतीमा घरको। (फुटेको/माइतीको)

(ञ) छोराछोरीकी आमाले —— निम्ति नभए पनि —— निम्ति त बाँच्नै पर्‍यो। (छोराछोरीको/आफ्नो)

**2.** 'हो' वा 'होइन'-मा उत्तर देऊ : ½×10=5

(क) धने बस्नेत बैदार बूढासँग भैंसी किन्न तयार थियो।

(ख) धने बस्नेत त्यसबेला ३० वर्षको थियो।

(ग) रिकुटे र झुमा दाज्यू-बैनी हुन्।

(घ) झुमा र ठूलो खसी डोऱ्याएको मोटे कार्कीसँगै हाटतिर लागे।

(ङ) ''चिन्नु भएन कि क्या हो?'' यो प्रश्न रिकुटेले झुमाप्रति गर्छ।

(च) 'मसान' नाटकमा कृष्णको पहिलो बिहे गरिदिने वाग्मती हो।

(छ) 'मसान' नाटकका लेखक गोपालप्रसाद रिमाल हुन्।

(ज) ''म त भासमा परिरहेछु। उम्कने आस पनि छैन''—यो भनाइ युवती (हेलेन)-को हो।

(झ) कृष्णले दुलहीलाई अति माया गर्‍यो।

(ञ) भोटु कृष्णको भाञ्जा हो।

**3.** सही उत्तर छानेर लेख : 1×5=5

(क) मैना धने बस्नेतकी (छोरी/बैनी/स्वास्नी) हो।

(ख) धने बस्नेतले (छ बीस/आठ बीस/दश बीस) रुपियाँ ऋणस्वरूप बैदार बूढासँग लिएको थियो।

(ग) झुमा (झ्याउरे/संगिनी/दोहरी)-गीत गाउँन सिपाल्नी थिइ।

(घ) वाग्मती युवती (हेलेन)-की (छोरी/नोकर्नी/बैनी) हो।

(ङ) ''बरू यो तपाईंको काखमा जन्मिदिएको भए हुन्थ्यो।'' 'मसान' नाटकमा यसो भन्ने (कृष्ण/युवती हेलेन/दुलही) हो।

## SECTION—II

( *Marks* : 30 )

**4.** कुनै **पाँच** प्रश्नका उत्तर संक्षेपमा लेख : 3×5=15

(क) धने बस्नेतले किन अनि कोसित ऋणमा भैंसी लिने निर्णय गर्छ?

(ख) 'बसाइँ' उपन्यासमा कहाँको परिवेश पाइन्छ?

(ग) धने बस्नेतले किन झुमाको बिहे गरिदिन सकेको थिएन?

(घ) झुमा र रिकुटे-को पहिलो भेट कहाँ अनि कसरी भएको थियो?

(ङ) झुमाप्रति मोटा कार्कीको कस्तो भावना थियो?

(च) युवती (हेलेन)-ले किन आफ्नो लोग्ने कृष्णको दोस्रो बिहे गरिदिन्छे?

(छ) ''मेरो आफ्नो भन्नु अब कोही पनि छैन''—'मसान' नाटकमा यसो भन्ने को हो? किन भनेको?

(ज) 'मसान' नाटकको अन्त्यमा के घटना भएको पाइन्छ?

**5.** (क) वाच्य कति प्रकारका हुन्छन्? **एक-एक** उदाहरण दिएर लेख। 3

(ख) कुनै दुइ छन्द उदाहरण दिएर लेख। 3

(ग) शब्दालंकार र अर्थालंकार भनेको के हो? 1½+1½=3

(घ) कुनै चार रसका नाम लेख। ½×4=2

(ङ) कर्ता, कर्म, करण र सम्प्रदान कारकका चिह्न के के हुन्? वाक्यमा प्रयोग गरेर छुट्ट्याऊ। 4

( PART : B—DESCRIPTIVE )

( *Marks* : 50 )

**6.** ''के दिन्थ्यो बरू तँ सँग छन् भने काम सारिदे हाउ, जेठा घरबारी नै लेखिदिउँला नि के।'' धने बस्नेत र मोटा कार्कीबीच कुन प्रसंगमा यस्ता कुराकानी भएका थिए? ती दुइबीच भएका कुराकानीको वृत्तान्त लेख। 10

**अथवा**

रिकुटे र झुमा-को सम्बन्धबारे वर्णन गर।

**7.** 'मसान' नाटकमा कृष्णको भूमिका कस्तो छ? वर्णन गर। 10

**अथवा**

बिहे भएर कृष्णको घरमा आएदेखि उसको अन्तिम समयसम्म दुलहीको वाग्मतीसित के के कुराकानी हुन्छन्? वर्णन गर।

**8.** सप्रसंग व्याख्या गर (कुनै **एक**) : 5

(क) ''म त पानी लाउन आएको कान्छी, खेतमा। बरू तिमी यो राती-बीच किन आयौ?''

(ख) ''कुम्लो कुटुरो अहिल्यै कसिराख्, भोलि रिमरिम उज्यालो हुँदै हिंड्नुपर्छ। यस पापी ठाउँमा अब कत्ति बस्न मन छैन मलाई।''

(ग) ''यो लोलोपोतो किन! उही पनि अहिले यो मर्ने बेलामा!''

(घ) ''बहिनी, म मायाको गंगामा पौडँदैछु भनेको त भासमा पो परेकी रहिछु।''

**9.** कुनै **एक** विषयमा निबन्ध लेख : 10

(क) कुनै प्राकृतिक प्रकोप

(ख) असल स्वास्थ्य नै धन हो

(ग) तिम्रो प्रान्त मेघालय

(घ) एक स्मरणीय दिनको वर्णन

**10.** यस अनुच्छेदको शीर्षक दिएर सारांश लेख : 10

यस संसार उदेक लाग्दो छ। यहाँ मानिसबाट नै आश्चर्यजनक कार्यहरू भएको हामी देख्न-सुन्न पाइरहेछौं। ईश्वर र मानिसमा (कसैकसैमा) धेरै भिन्नता देखिंदैन। ती मानिसको यहाँ ठूलो देन छ। उनका सुकर्महरू चमत्कृत छन्। अल्बर्ट आइन्स्टाइन, इशाक न्युटन, बेन्जामिन फ्रेंकलिन, गौतम बुद्ध आदि ती वर्गमा पर्छन्। उनका कार्य उपलब्धि जाँगर, मेहनत, परिश्रम र इच्छाशक्तिको परिणाम हो। हामी पनि उनीजस्तै मानिस हौं। यसर्थ ती गुणहरू सृजन गर्न सके हामी पनि यस विश्वलाई केही पुष्टि गर्न वा प्रदान गर्न सामर्थ्य हुने थियौं। देश र देशवासीको नाम उच्च हुने थियो। 'जाँगर' एक हतियार हो जीवन सफलमय तुल्याउनको निम्ति। जाँगर उचित दिशातिर दगुरेको हुँदा नै यस पृथ्वीमा राकेट, मोबाइल-फोन, टेलिफोन, कम्प्युटर आदिको आविष्कार भए। नभए यहाँ कस्तो परिवेश परिवेष्टित हुने थियो होला। सभ्यताको मोड अर्को हुने थियो।

**11.** आफ्नो अध्ययन राम्रो हुँदै गरेको जनाउँदै सिक्किम निवासी तिम्रो मित्रलाई पत्र लेख। 5

★★★